रम्भा गाउँपालिका
Rambha Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

पिपलडाँडा, पाल्पा
(Pipaldanda, Palpa)

लुम्बिनी प्रदेश, नेपाल
(Lumbini Province, Nepal)

पत्र संख्या (Ref No.) :

च.नं.(Dispatch No.) :

सवारी साधन भाडामा लिने सम्बन्धी सूचना।

(प्रथम पटक प्रकाशित मितिः २०८३/०७/२०)

प्रस्तुत विषयमा रम्भा गाउँपालिकाका ५ वटै वडाका गाउँ बस्तिहरुमा उत्पादित कृषि तथा पशु वस्तुहरुको ढुवानी तथा बजारीकरणका लागि तपसिल बमोजिमको शर्त सहितको चार पाङ्ग्रे सवारी साधन भाडामा लिन आवश्यक भएको हुँदा मासिक रुपमा गाडि भाडामा दिन इच्छुक सवारी धनीहरुले यो सूचना प्रकाशन भएको मितिले १० दिनभित्र यस गाउँपालिकाको कार्यालयमा कार्यालय समय भित्र तोकिएको ढाँचामा शिलबन्दी दरभाउ प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

प्रस्तावसाथ पेश गर्नुपर्ने कागजातहरुः

- सवारी चालकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी-१ थान
- चालकको चालक अनुमतिपत्रको प्रतिलिपी-१ थान
- सवारी साधनको ब्लुबुकको प्रतिलिपी-१ थान
- सवारी साधनको तेस्रोपक्ष बिमाको प्रमाणित कागजातको प्रतिलिपी-१ थान

सवारी साधन सम्बन्धी शर्तहरुः

- चालु अवस्थामा रहेको चार पाङ्ग्रे, दुई सिट क्षमता भएको (चालक सहित)।
- सवारी साधनको मर्मत सम्भार खर्च सवारी धनीले व्यहोर्नुपर्नेछ।
- सवारी साधन चालकको पारिश्रमिक तथा अन्य सुविधा सवारी धनीले व्यहोर्नुपर्नेछ।
- सवारी साधन मर्मत गर्नुपर्ने भई दुई दिनभन्दा बढी समय सम्म संचालनमा नआएको खण्डमा सो अवधिको लागत मूल्य घटाई भुक्तानी गरिने।
- दैवी प्रकोप, प्राकृतिक विपत्ती वा कुनै भवितव्यबाट सवारी साधनमा हुने क्षतिको सम्बन्धमा सवारी धनी स्वयं जिम्मेवारी हुने।
- अन्य विषयहरु प्रचलित कानून बमोजिम हुने।
- कार्यालयको हितलाई ध्यानमा राखी पेश भएका प्रस्तावहरु स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ।

थप जानकारीको लागि सम्पर्क नं. ९८४६७५३१७४ मा सम्पर्क गर्नुहुन।

पोष्टराज न्यौपाने
नि. प्रमुख प्रशासकीय अधिकृत
निमित्त प्रमुख प्रशासकीय अधिकृत

रम्भा गाउँपालिका
Rambha Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

पिपलडाँडा, पाल्पा
(Pipaldanda, Palpa)
लुम्बिनी प्रदेश, नेपाल
(Lumbini Province, Nepal)

पत्र संख्या (Ref No.) :
च.नं.(Dispatch No.) :

रम्भा गाउँपालिकाको कार्यालय गाउँकार्यपालिकाको कार्यालय, पाल्पा पिपलडाँडा, पाल्पा, नेपाल लुम्बिनी प्रदेश, २०७३

श्री प्रमुख प्रशासकीय अधिकृत
रम्भा गाउँपालिका पिपलडाँडा पाल्पा।

निमित्त प्रमुख प्रशासकीय अधिकृत

विषयः दररेट पेश गरेको सम्बन्धमा।

प्रस्तुत विषयमा त्यहाँ कार्यालयको मिति २०८३/०७/२० को सूचनामा उल्लेख भएको शर्त बमोजिम देहाय बमोजिमको दररेटमा सवारी साधन उपलब्ध गराउन इच्छुक भएको हुँदा यो निवेदन पेश गरेको छु।

देहायः

क. सवारी साधनको मोडेलः

ख. सवारी साधन नः

ग. सवारी चालकको नामः

घ. सवारी साधनको ब्लुबुक नविकरण भएको/नभएकोः

ङ. सवारी चालकको लाइसेन्स नविकरण भएको/नभएकोः

च. दैनिक भाडादर (इन्धन बाहेक/इन्धन सहित)

निवेदक

सवारी धनीको नामः
ठेगानाः
सम्पर्क नः
सहिः